गाउँ कार्यपालिकाको
मिति:- २०८२/११/१२
(बैठक संख्या:- ०९-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ फागुन १२ गते तदनुसार नेपाल संवत ११४६, चिल्लाथ्व, सप्तमी, मंगलबारका दिन दिउँसो ०२:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको आठौं (०८) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

## बारेकोट गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु (बैठक संख्या:- ०९-२०८२/०८३)

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. हिउँदे विद्यायन सभा आव्हान सम्बन्धमा।
३. विधेयक पारित तथा कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
४. प्रदेश समपुरक तथा विशेष अनुदान आयोजना छनौट गर्ने सम्बन्धमा।
५. पर्यावरणीय कृषि उन्मुख पालिका घोषणा सम्बन्धमा।
६. चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट आय अनुमान संशोधन सम्बन्धमा।
७. रकम बाँडफाँड तथा रकमान्तरको लागि सिफारिस गर्ने।
८. खानेपानी आयोजनाहरुको छनोट तथा प्राथमिकता निर्धारण सम्बन्धमा।
९. LISP आयोजनाको रकमान्तर तथा नयाँ आयोजना छनोट गर्ने सम्बन्धमा।
१०. चर्च घर घेराबार निर्माण वडा नं ४ को कार्यअगाडी बढाउने सम्बन्धमा।
११. प्रसुतिगृहको फिल्ड निर्माण वडा नं. ७
१२. गाउँपालिकाको क्षेत्रभित्र नपर्ने कर असुली नगर्ने स्वघोषणा सम्बन्धम।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मितिः- २०८२/११/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०९-२०८२/०८३)

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रगति समिक्षा तथा आगामी नीति तथा कार्यक्रम सम्बन्धमा छलफल गर्न तपसिलको मिति समय र स्थानमा बारेकोट गाउँपालिका गाउँसभाको २२ औं हिउँदे अधिवेशन आव्हान गर्ने।

**तपसिल**:

मितिः २०८२।११।२८ गते

समयः विहान ११:०० बजे

स्थानः गाउँपालिकाको सभाहल।

**निर्णय नं. ३**

बारेकोट गाउँपालिकाद्वारा तयार कृषि पशुपन्छी ऐन, २०७८ उपर संशोधन गर्नुपर्ने भएकोले साहास नेपालको प्राविधिक सहयोग तथा जनप्रतिनिधि, शाखा प्रमुख तथा सरोकारवालाहरुको सुझावमा कृषि तथा पशुपन्छी ऐन, संशोधन विधेयक २०८२ र औद्योगिक व्यवसाय नियमावली, २०८२ तयार भएकोले कार्यपालिकाबाट स्वीकृत गरी मिति २०८२ फागुन २८ गते बस्ने २२ औं हिउँदे अधिवेशनमा पारितको लागि पेश गर्ने। साथै कार्यपालिका बैठक बाट स्वीकृत भएका तपसिल बमोजिमका कार्यविधिहरु अनुमोदनको लागि सभामा पेश गर्ने।

**तपसिल**

१. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२
२. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, सञ्चालनकार्यविधि विधि,२०८० (प्रथम संशोधन)२०८२
३. आपतकालिन कोष सञ्चालन कार्यविधि, २०८२

(मोहन प्रकाश गिरी)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका

मितिः- २०८२/११/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०९-२०८२/०८३)

४. दुध डेरी स्थापना तथा सञ्चालन कार्यविधि, २०८२

५. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०८२

६. स्थानीय पुर्वाधार आयोजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२

७. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८०

८. उपभोक्ता समितिलाई निर्माणपूर्व र निर्माणपश्चात अभिमूखिकरण तालिम सञ्चालन निर्देशिका, २०८०

९. गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०८२

१०. विपद् संवेदनशील सामाजिक सुरक्षा वितरण कार्यसञ्चालन विधि, २०८२

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुनेकर्णाली प्रदेश सरकारद्वारा स्थानीय तहमा प्रदेश समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको लागि कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयवाट समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम मिति २०८२।११।०१ गतेका दिन सूचना प्रकाशन गरी प्रस्ताब आव्हान गरिएको हुँदा तपसिल बमोजिमका आयोना/कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी प्रस्ताव पेश गर्ने।

**तपसिल**

**१. प्रदेशसमपुरक अनुदान तर्फ प्रस्तावित नयाँ आयोजनाहरुः**

| क्र.सं. | आयोजनाको नाम | प्राथमिकता क्रम | अनुमानित लागत |
|---|---|---|---|
| १. | हानिसल्ला धौलाकोट सेरी अयार्ना पछेउरी मुलसाम सडक निर्माण नं. १,२ र ३ | प्राथमिकता क्रम नं. १ | |
| २. | छेडाखोला मोटरेवल वेलीब्रिज निर्माण वडा नं. १ र २ जोड्ने | प्राथमिकता क्रम नं. २ | |
| ३. | ध्यारगाउँ सुँगारखाल सेरी सडक स्तरोन्नती वडा नं. २ र ३ | प्राथमिकता क्रम नं. ३ | |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मितिः- २०८२/११/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०३-२०८२/०८३)

२. प्रदेश विशेष अनुदान तर्फ प्रस्तावित नयाँ आयोजनाहरुः

| क्र.सं. | आयोजनाको नाम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|
| १. | अलग पशु अलग मान घर निर्माण आयोजना, बारेकोट गाउँपालिका | प्राथमिकता क्रम नं. १ | |
| २. | ल्याण्ड फिल्ड साइट निर्माण तथा व्यवस्थापन आयोजना, वडा नं. २ | प्राथमिकता क्रम नं. २ | |
| ३. | पोषणमैत्री पालिका घोषणा बहुक्षेत्रीय पोषण आयोजना, बारेकोट गाउँपालिका | प्राथमिकता क्रम नं. ३ | |

**निर्णय नं. ५.**

बारेकोट गाउँपालिकाको समन्वय र सहयोगी हातहरुको समूह साहस नेपालको आर्थिक सहयोगमा बारेकोट गाउँपालिका अन्तर्गत वडा नं. १, २ र ३ मा महिला समूहहरू मार्फत पर्यावरणीय कृषि अभ्यासहरु कार्यान्वयन गर्दै आएकोमा केही समूहहरुले पर्यावरणीय कृषिका सिद्धान्तका आधारमा काम गरी पर्यावरणीय कृषि उन्मुख नमूना कार्य भइरहेकोले आगामी दिनहरुमा यस अभियानलाई पालिकाका सबै वडा तथा घरधुरीहरुमा विस्तार गर्न सम्बन्धित दातृनिकाय साहस नेपालसँग समन्वय गरी गाउँ पालिकालाई पर्यावरणीय कृषि उन्मुख पालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं. ६ (क)**

बारेकोट गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।११।११ गतेको बैठकको निर्णयानुसर चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा आन्तरिक आय (राजस्व) रु. २५,०००००।- अनुमान गरिएकोमा उक्त अनुमानलाई संशोधन गरी रु. ३०,०००००।- कायम गर्न सिफारिस भई आएकोले उक्त राजस्व अनुमानलाई मिति २०८२।११।२८ गते हुने बारेकोट गाउँपालिकाको २२ औं हिउँदे अधिवेशनमा संशोधनको लागि पेश गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/११/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०९-२०८२/०८३)

**निर्णय नं. ६ (ख)**

बारेकोट गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।११।११ गतेको बैठकको निर्णयानुसरचालु आर्थिक वर्ष २०८२/०८३ को वजेट तथा कार्यक्रममा अनुमानित बैंक मौज्दात अल्या रकम रु. २,५०,०००००।- अनुमान गरिएकोमा गत आर्थिक वर्षको अन्त्यमा बैंक मौज्दात अल्या रकम रु. ३,८७,७०,९०७।२२।- हुन आएकोले बजेटमा समावेश हुन नसकेको रु. १,३७,७०,९०७।२२।- रकमलाई थप गरी बैंक मौज्दात अल्या रकमलाई रु. ३,८७,७०,९०७।२२।- कायम गर्न सिफारिस भई आएकोले मिति २०८२।११।२८ गते हुने बारेकोट गाउँपालिकाको २२ औं हिउँदे अधिवेशनमा संशोधनको लागि पेश गर्ने।

**निर्णय नं. ७ (क)**

बारेकोट गाउँपालिकाको २१ औं गाउँसभाबाट विनियोजित समपुरक भूक्तानी दिनबाँकी र बाँडफाँड गर्न बाँकी भैपरी रकमबाट तपसिलका शिर्षकहरुको लागि देहाय अनुसा रकम बाँडफाँड गर्नको लागि मिति २०८२।११।२८ गते हुने बारेकोट गाउँपालिकाको २२ औं हिउँदे अधिवेशनमा संशोधनको लागि पेश गर्ने।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | लिम्सा दह सडक स्तरोन्नती | १५,००००० | गत वर्ष भूक्तानी दिन बाँकी |
| २. | दिपेन्द्र मा.वि. पहाडा मुल्साम घेरावार तथा भवन मर्मत वडा नं. ३ | ४,००००० | नयाँ आयोजना |

**निर्णय नं. ७ (ख)**

बारेकोट गाउँपालिकाको २१ औं गाउँसभाबाट विनियोजित तपसिलका आयोजनाहरुको रकम देहाय अनुसारका आयोजनाहको लागि निम्न बमोजिमको रकम रकमान्तर गर्न मिति २०८२।११।२८ गते हुने बारेकोट गाउँपालिकाको २२ औं हिउँदे अधिवेशनमा सिफारिस गर्ने।

| क्र.स | साबिकको शिर्षक | साबिक रकम रु. | हालको शिर्षक | रकमान्तर रकम रु. |
|---|---|---|---|---|
| १. | दिवाखाजा सम्बन्धी | २००००० | जिल्लास्तरीय राष्ट्रपती रनिङ्गशिल्ड | ८००००० |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका

मितिः- २०८२/११/१२

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०९-२०८२/०८३)**

| | | | | |
|---|---|---|---|---|
| | अभिमुखिकरण | | व्यवस्थापन खर्च | |
| २. | पढ्दै कमाउँदै कार्यक्रम | ६००००० | | |
| ३. | भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा | १४००००० | भू-उपयोग योजना निर्माण | ७००००० |
| | | | सहकारी तथा वित्तीय सेवा | ५००००० |
| | | | ल्यापटप तथा प्रिन्टर खरिद | २००००० |
| ४. | मेलमिलाप कर्ताको लागि भत्ता | १,४२,००० | न्यायिक सहजकर्ताको पारिश्रमिक | १,४२,००० |
| ५. | न्याय सम्बन्धी तालिम | ३,००००० | | ५०००० |
| ६. | कार्यक्रम खर्च शिर्षक (२२५२२) | १५००००० | SEE/SLC परीक्षा अनुगमन तथा नियमन | १,५०,००० |
| | | | मतदाता शिक्षा कार्यक्रम | ५०,००० |
| | | | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ८,००००० |
| ७. | कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन वजेट शिर्षक (२२५२९) | १५००००० | शिक्षा शाखा व्यवस्थापन | २,४०,००० |
| | | | SEVIMS बाट QR Code सहितको घर नं. छपाई | ५०,००० |

**निर्णय नं. ८**

आर्थिक वर्ष २०८३/०८४ मा बारेकोट गाउँपालिका र हेल्भेटास नेपालको लागत साझेदारीमा सञ्चालन हुने तपसिल बमोजिमका खानेपानी आयोजनाहरु छनोट तथा प्राथमिकिकरण निर्धारण गर्ने।

**तपसिल**

| क्र. सं. | आयोजनाहरुको नाम | आयोजना संचालन हुने स्थान | लाभान्वित घरधुरी संख्या | प्राथमिकता क्रम |
|---|---|---|---|---|
| १. | अयर्ना खानेपानी तथा सरसफाई योजना | बारेकोट-०२ | ११० | एक |
| २. | सेरी खानेपानी तथा सरसफाई योजना | बारेकोट-०२ | ४५ | दुई |
| ३. | दुधेला खानेपानी तथा सरसफाई योजना | बारेकोट-०४ | ५५ | तीन |

मोहन प्रकाश गिरी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८२/११/१२

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०९-२०८२/०८३)</u>

**निर्णय नं. ९**

आर्थिक वर्ष २०८२/०८३ मा बारेकोट गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत विनियोजित तपसिलका योजनाहरु ठेक्का प्रक्रिया मार्फत घटिघटाउ हुँदा बढीहुने रकमलाई रकमान्तर गरी छनोट भएका तपसिलका नयाँ आयोजनाहरुमा रकम विनियोजन गर्न गाउँ सभामा सिफारिस गर्ने।

**तपसिलः**

| सि.नं | आयोजनाको नाम | वडा नं. | विनियोजित रकम (२०८२/०५/०२) | बजेट श्रोत | | | | संशोधित रकम | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पालिका | प्रतिशत | LISP | प्रतिशत | | पालिका | प्रतिशत | LISP | प्रतिशत |
| १ | लिम्सा रामीडाँडा सिर्पाचौर सडक स्तरोन्नति | १ | १०,५१५,१५२ | ३,५७५,१५२ | ३४% | ६,९४०,००० | ६६% | ५,६६७,०७५ | १,९६४,५७१ | ३४% | ३,७०२,५०४ | ६६% |
| २ | घाट वालुवा गोठगाउँ जिरी सडक स्तरोन्नति | २ | १०,७५७,५७६ | ३,६५७,५७६ | ३४% | ७,१००,००० | ६६% | ६,६२३,१७९ | २,२९६,०१८ | ३४% | ४,३२७,१६१ | ६६% |
| ३ | काउली करूका सिलिङ्गी सडक स्तरोन्नति | ३ | ५,०००,००० | १,७००,००० | ३४% | ३,३००,००० | ६६% | ४,४७६,५१९ | १,५५१,८४८ | ३४% | २,९२४,६७१ | ६६% |
| ४ | कार्कीज्यूला सुवाकोट वडा नं. ७ वडा कार्यालय सडक स्तरोन्नति | ४ | ४,७४२,४२४ | १,६१२,४२४ | ३४% | ३,१३०,००० | ६६% | ४,५६७,५१६ | १,५८३,३९३ | ३४% | २,९८४,१२२ | ६६% |
| ५ | बुढागाउँ वेर्ना सडक पुर्नस्थापना स्तरोन्नति | ५ | ४,०८७,५०० | ८१७,५०० | २०% | ३,२७०,००० | ८०% | ३,९९१,००४ | ८१७,२४३ | २०% | ३,१७३,७६१ | ८०% |
| ६ | खानेपानी निर्माण वडा नं. ३ (मौरे र भुरार) | ६ | ३,१००,००० | १,२४०,००० | ४०% | १,८६०,००० | ६०% | २,९०८,०३९ | १,१८३,९०५ | ४०% | १,७२४,१३४ | ६०% |
| ७ | दिवलचौर देखि दोमिल्दा सम्म सड्क स्तरोन्नती | २ | | | | | | ३,१००,००० | ६२०,००० | २०% | २,४८०,००० | ८०% |
| ८ | नौलाथान देखि कोटिलीखोला सम्म घोरेटो बाटो सुधार | १ | | | | | | २,१००,००० | ४२०,००० | २०% | १,६८०,००० | ८०% |
| ९ | वडा नं २ खानेपानी विस्तार (झारमौरी र वजाल्न) | २ | | | | | | ३,१००,००० | १,२४०,००० | ४०% | १,८६०,००० | ६०% |
| १० | गाग्राखोला लघजल वद्युत गृह मर्मत | ३ | | | | | | १,६६९,३२० | ९२५,६७३ | ५५% | ७४३,६४७ | ४५% |
| जम्मा | | | ३८,२०२,६५२ | १२,६०२,६५२ | | २५,६००,००० | | ३८,२०२,६५२ | १२,६०२,६५२ | | २५,६००,००० | |

( ७ )

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०९-२०८२/०८३)

**निर्णय नं. १०**

बारेकोट गाउँपालिका वडा नं. ४ स्थित तीरुवाटोलमा चर्च घर घेराबार निर्माण योजनाको लागि प्राविधिक लागत अनुमान रु. ६३००००।– (अक्षरेपि छ लाख तीसहजार रुपैया मात्र) तयार भई पेश भएकोले कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र पछि स्रोत व्यवस्थापन गर्ने।

**निर्णय नं. ११**

बारेकोट गाउँपालिका वडा नं. ७, स्याला पातिहाल्ना स्थित प्रसुतिगृह भवन निर्माणका लागि फिल्ड निर्माण गर्नुपर्ने आवश्यक रहेकोले, प्राविधिक लागत अनुमान अनुसार उक्त फिल्ड निर्माण गर्न जन सहभागिता सहित रु. २,४८०००।– खर्च भएकोले स्रोत सुनिश्चित गरी भूक्तानी दिने।

**निर्णय नं. १२**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम गाउँपालिकालाई प्राप्त वित्तीय अधिकारक्षेत्रको सीमाभित्र रही मात्र कर, शुल्क तथा दस्तुर निर्धारण तथा असुली गर्नुपर्ने र कानूनले अधिकार नदिएको विषयमा करारोपण तथा राजस्व असुली गर्न नहुने व्यवस्था रहेको हुँदा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्र रही मात्र कर, शुल्क तथा दस्तुर निर्धारण तथा असुली गर्ने, आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर पर्ने विषयमा कुनै पनि प्रकारको कर, शुल्क वा दस्तुर नलगाउने तथा असुल नगर्ने, कर, शुल्क तथा दस्तुर प्रचलित कानून तथा गाउँपालिकाको स्वीकृत आर्थिक ऐनमा व्यवस्था भएबमोजिम मात्र निर्धारण तथा असुली गर्ने, गाउँपालिकाबाट असुल हुँदै आएका कर, शुल्क तथा दस्तुरका शीर्षकहरूलाई प्रचलित कानून तथा स्वीकृत आर्थिक ऐनसँग मिलान गरी अधिकारक्षेत्र बाहिरका कुनै कर, शुल्क वा दस्तुर असुली भएको पाइएमा आवश्यक सुधार गर्ने तथा गाउँपालिकाको अधिकारक्षेत्र बाहिर करारोपण तथा राजस्व असुली नगर्ने सम्बन्धमा सम्बन्धित शाखा तथा कर्मचारीहरूलाई आवश्यक निर्देशन दिने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत